चुरे गाउँपालिका
(Chure Rural Municipality)
गाउँ कार्यपालिकाको कार्यालय
(Office Of The Rural Municipal Executive)

प.सः २०८२/०८३
च.नं.

घरखेडा, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

## आठौं कार्यपालिका बैठक

आज मिति २०८२/१२/१५ गते आइतबारका दिन यस चुरे गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री चक्र बहादुर बोगटी रजवारको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहायका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारका निर्णय गरियो।

| | | |
|---|---|---|
| श्री चक्र बहादुर बोगटी रजवार | अध्यक्ष | (हस्ताक्षर) |
| श्री धना देवी थापा | उपाध्यक्ष | (हस्ताक्षर) |
| श्री डम्मर बहादुर सिंह | १ नं. वडा अध्यक्ष | (हस्ताक्षर) |
| श्री केशव बहादुर सावद | २ नं. वडा अध्यक्ष | |
| श्री खगेन्द्र खडायत | ३ न. वडा अध्यक्ष | |
| श्री चन्द्र बहादुर लामिछाने मगर | ४ नं. वडा अध्यक्ष | |
| श्री बीर बहादुर धामी | ५ नं. वडा अध्यक्ष | (हस्ताक्षर) |
| श्री प्रेम बहादुर साउँद | ६ नं. वडा अध्यक्ष | (हस्ताक्षर) |
| श्री तुलसी कुमारी महता | कार्यपालिका- सदस्य | (हस्ताक्षर) |
| श्री पुष्पादेवी बरै मगर | कार्यपालिका सदस्य | |
| श्री मनिसा बि.क. गौतम | कार्यपालिका सदस्य | |
| श्री सरोजनी धामी बोहरा | कार्यपालिका सदस्य | सरोजनी |
| श्री एकम बहादुर कामी | कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| श्री कलावती कामी | कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| श्री धर्मराज खत्री | सचिव | (हस्ताक्षर) |
| आमन्त्रित कालीप्रसाद भट्ट | प्र. आदिकृत | (हस्ताक्षर) |
| अनिरुद्ध ओली | का.प. | (हस्ताक्षर) |

**मिति २०८२ चैत्र १५ गतेको कार्यपालिका बैठकका प्रस्तावहरु:-**

प्रस्ताव नं. १ सोक प्रस्ताव पारित गर्ने र सोक बिदा दिने सम्बन्धमा

प्रस्ताव नं. २ अघिल्लो कार्यपालिकाको बैठकको समिक्षा सम्बन्धमा।

प्रस्ताव नं. ३ स्थानीय शासन कार्य सम्पादन मुल्याङ्कनको नतिजा स्वीकृत गर्ने सम्बन्धमा।

प्रस्ताव नं.४ तराई मधेश समृद्धि कार्यक्रमकोको लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ५ योजनाको म्याद थप सम्बन्धमा ।

प्रस्ताव नं. ६ आर्थिक सहयोग सम्बन्धमा।

प्रस्ताव नं. ७ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा माथिल्लो निकायबाट आएका सुझाव कार्यान्वियन गर्ने सम्बन्धमा

प्रस्ताव नं. ८ LACC परियोजनाको योजनाको प्राथमिकिकरण तथा छनौट सम्बन्धमा।

प्रस्ताव नं. ९ पालिका स्तरीय लैंगिक समानता तथा सामाजिक समावेसीकरण समिति गठन सम्बन्धमा ।

प्रस्ताव नं. १० दुर्घटना बिमा भुक्तानी दिने सम्बन्धमा ।

प्रस्ताव नं. ११ ल्याव असिस्टेन्ट पदको विज्ञापन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १२ गाउँघर क्लिनिकको छाना मर्मत सम्बन्धमा ।

प्रस्ताव नं १३ योजनाको भुक्तानी अनुमोदन सम्बन्धमा।

**मिति २०८२ चैत्र १५ गतेको कार्यपालिका बैठकका निर्णयहरु**

| क्र.स. | विषयगत क्षेत्र | निर्णयहरु |
|---|---|---|
| १ | प्रशासन शाखा | चुरे गाउँपालिका वडा नं. ५ का वडा सदस्य तथा गाउँसभा सदस्य श्री दुर्गा बहादुर अर्खालीको मिति २०८२ चैत्र १२ गते भिरबाट लडि अल्पआयुमा नै देहमसान भएकिको हुँदा निजको निधनमा गाउँपालिकाले दु:ख व्यक्त गर्नुका साथै दिवंगत आत्माको चिर शान्तीको कामना गर्दै उहाँ प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछ , साथै सोकसन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्नुका साथै निजको दु:खद निधनमा गाउँपालिकाले एक दिन मिति २०८२ चैत्र १७ गते गाउँपालिका भित्र सोक मनाउनुका साथै उक्त दिन चुरे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तथा मातहतका सम्पूर्ण निकायमा एक दिन सोक विदा दिने तथा दिवंगत वडा सदस्यको आर्थिक अवस्था कमजोर रहेको हुँदा निजको परिवारलाई रु. २५०००।०० क्रिया खर्च बापत सहयोग उपलब्ध गराउने। |
| २ | प्रशासन शाखा | कार्यपालिकाले अघिल्लो बैठकमा गरेका निर्णयहरुको समिक्षा गर्दै त्यस्को कार्यान्वयनमा तदारुकताका साथ अघि बढने र आगामी दिनमा गाउँपालिकाको सेवा प्रवाहलाई सरल सहज पारदर्शी, मितव्ययी तथा सुशासनमुखी बनाउने। |
| ३ | प्रशासन शाखा | नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले **स्थानीय शासन कार्य सम्पादन मुल्याङ्कन कार्यविधि, २०८२** प्रत्येक स्थानीय तहले आफुले गरेका सम्पूर्ण कार्य सँग सम्बन्धित कागजात सफ्टेवयरमा इन्ट्री गरी गाउँ कार्यपालिकाबाट स्वीकृत गरी जिल्ला समन्वय समितिको कार्यालयमा सिफारिस गर्नु पर्ने कानुनी व्यवस्था भए बमोजिम चुरे गाउँपालिकाको आ.व. २०८१।०८२ को तपसिल बमोजिमको वार्षिक कार्य सम्पादन मुल्याङ्कनको नतिजा स्वीकृत गरी जिल्ला समन्वय समितिमा पठाउने निर्णय गरियो।<br>**तपसिल:-** |

| क्र.स. | सुचक | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | योजना तथा बजेट व्यवस्थापन | ८ | ४.९ | |
| २ | पार्दर्शिता र उत्तरदायित्व | ५ | १.८ | |
| ३ | शासकीय प्रवन्ध | ९ | ५.६ | |
| ४ | सार्वजनिक सेवा प्रवाह | ५ | ४ | |
| ५ | सार्वजनिक वित्त व्यवस्थापन | ११ | ६.५ | |
| ६ | समन्वय र सहकार्य | २ | ०.७ | |
| ७ | खानेपानी तथा सरसफाई | २ | १ | |
| ८ | शिक्षा | ३ | १.३ | |
| ९ | स्वास्थ्य | ५ | ४ | |
| १० | विवाद निरुपण तथा मेलमिलाप | २ | १.३ | |
| ११ | सामाजिक समावेसीकरण र संरक्षण | ८ | ४.८ | |
| १२ | कृषि, पशु तथा सहकारी | ८ | ५.६ | |
| १३ | भुमी तथा सिचाँई | २ | ०.७ | |
| १४ | स्थानीय अर्थिक विकास | ५ | १.२ | |
| १५ | उद्दमशिलता र रोजगारी | ५ | ४ | |
| १६ | स्थानीय सडक | ३ | १.८ | |
| १७ | भवन तथा अन्य सामाजिक पूर्वाधार | ५ | ३.४ | |
| १८ | पूर्वाधारको उपयोगिता र दिगोपना | २ | १.५ | |
| १९ | वातावरण संरक्षण | ७ | १.८ | |

| | | | | | |
|---|---|---|---|---|---|
| २० | विपद व्यवस्थापन | ३ | २.३ | | |
| | कुल प्राप्ताङ्क | १०० | ५८.२ | | |

४ योजना

तराई मधेश समृद्धि कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ बमोजिम स्थानीय तहले आ.व. २०८२।०८३ मा संचालन हुने आयोजनाको लागि स्थानीय रहले कार्यविधिमा उल्लेख भए बमोजिमको लागत साझेदारीमा काम गर्न चाहने स्थानीय तहले साझेदारीको सुनिश्चितता सहित प्रस्ताच आह्वान गरेकोमा यस चुरे गाउँपालिकामा उक्त लागत साझेदारीको प्रतिबद्धता सहित तपसिल बमोजिमका योजनाहरुको प्रस्ताव पेश गर्ने।

**तपसिल:-**

| क्र.स. | प्रस्तावित योजना | कार्यान्वयन हुने स्थान | कैफियत |
|---|---|---|---|
| १ | शान्तीनगर स्वास्थ्य चौकी निर्माण | चुरे -६ | |
| २ | खानीडाँडा वडा कार्यालय माल जाने बाटो स्तरोन्नती | चुरे -५ | |
| ३ | ठुलीगाड तटवन्धन ( मिलनपुर देखी रिठेखोला सम्म) | चुरे -१ | |

५ योजना

चुरे गाउँपालिकाको आ.व. २०८२।०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत कार्यान्वयन भईरहेका तपसिल बमोजिमका बिभिन्न योजनाहरुको म्याध सकिन लागेको र उक्ता कार्य सम्पन्न गर्न अझ केही समय लाने भनि निर्माण कम्पनीहरुले निवेदन दिएकोमा तपसिल बमोजिमको योजनाको देहाय बमोजिम म्याद थप गर्न गाउँपालिकालाई निर्देशन दिने।

**तपसिल:-**

| क्र.स. | योजनाको नाम | निर्माण कम्पनी | थप हुने समायावधी |
|---|---|---|---|
| १ | Upgrading of Bayala - ward office – Dhungeni Road | Shahi Construction, Dhangadhi -5 KAilali | २०८३ जेठ मसान्त सम्म |
| २ | Upgrading of Dhanedi – Githada-Simti Road | Bipin nirman sewa AAlital-8 dadeldhura | २०८३ जेठ मसान्त सम्म |
| ३ | Construction of Thulaban AAmkhore Gajari Motorable Road | Chure nirwan sewa , chure -4 kailali | २०८३ जेठ मसान्त सम्म |
| ४ | Construction of Motorable Road From Ward no-1 Melbas to Ward - 4 Office | Chure nirwan sewa, chure -4 kailali | २०८३ जेठ मसान्त सम्म |
| ५ | Construction of Ward no -3 Administrative office Building | Himansi Construction – chure -3 kailali | २०८३ जेठ मसान्त सम्म |

६ प्रशासन शाखा

आफ्नो आर्थिक अवस्था कमजोर रहेको भनि तपसिल बमोजिमका व्यक्तिहरुले आर्थिक सहायता उपलब्ध गराईदिनहुन भनि निवेदन दिनु भएकोमा चुरे गाउँपालिकाको आर्थिक सहायता कार्यविधि, २०७६ को अधिनमा रही तपसिल बमोजिमका व्यक्तिलाई देहाय बमोजिमको आर्थिक सहायता प्रदान गर्ने।

| क्र.स. | नाम, थर | ठेगाना | सहयोग रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | जनक बोहरा | चुरे -६ | १७०००।०० | विपद व्यवस्थापन कोषबाट |
| २ | रिमा मगर | चुरे-१ | २००००।०० | |
| ३ | बिर्मा देवी घर्ति | चुरे -१ | २००००।०० | |
| ४ | योशदा खत्री | चुरे -३ | १२०००।०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ५ | जीवन थापा | चुरे- ६ | १५०००।०० | |
| | | ६ | ज्ञान बहादुर खत्री | चुरे-६ | २५०००।०० | |
| | | ७ | सुनिल कुमार धामी | चुरे -६ | ८०००।०० | |
| | | ८ | डवल बहादुर बोहरा | चुरे -३ | १५०००।०० | |
| | | ९ | राज देवी भुल | चुरे -४ | २५०००।०० | |
| ७ | प्रशासन शाखा | सेवा प्रवाहलाई सरल, सहज, मितव्ययी, जनउत्तरदायी तथा सुशासनमुखी बनाउनका लागि माथिलाला निकायहरु:- संघीय मामिला तथा सामान्य प्रसासन मन्त्रालय, आख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्रका साथै संघीय सरकार तथा प्रदेश सस्कारका माथिल्ला निकायले दिएका सुझावहरुलाई आत्मसाथ गर्दै तिनको कार्यान्वयनमा जोड दिने । | | | | |
| ८ | | आ.व. २०८३।०८४ को लागि जलवायु परिवर्तन स्थानीय अनुकुलन परियोजना अन्तर्गत चुरे गाउँपालिकालाई उपलब्ध हुने बजेट सिमाको अदिनमा रही तपसिलका योजनाहरु प्राथमिकिकरणको आधारमा प्रस्ताव गर्ने। | | | | |

| क्र.स. | योजनाको नाम | स्थान |
|---|---|---|
| १ | आ.व. २०८२।०८३मा कार्यान्वयनमा रहेका क्रमागत खानेपानीका योजनाहरु | वडा नं. १- ६ सम्मका सम्पृण |
| २ | चिउरीपानी धर्मशाला, कुन्टीपानी खानेपानी योजना | चुरे -६ |
| ३ | उलुर्केनी खानेपानी योजना | चुरे -४ |
| ४ | गुप्त पानी खानेपानी योजना | चुरे -३ |
| ५ | माल खानेपानी योजना | चुरे -५ |
| | सिचाँई सम्बन्धी योजनाहरु: | |
| १. | आ.व. २०८२।०८३ मा कार्यान्वयन भई क्रमागत हुने सिँचाईका योजनाहरु | वडा नं. १-६ सम्मका सम्पूर्ण योजनाहरु |
| २ | हरडागडा सिचाई योजना | चुरे-१ |
| ३ | मटेला मैतिटाँड | चुरे -५ |
| ४ | खरिया खोला सिचाई योजना | चुरे-२ |

| | | |
|---|---|---|
| ९ | महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा | चुरे गाउँपालिकाको लैंगिक समानता तथा सामाजिक समावेसीकरण रणनीति, २०७९ अनुसार स्थानीय तहमा पालिका स्तरीय लैंगिक समानता तथा सामाजिक समावेसीकरण समिति (GEDSI Committee) गठन गर्नुपर्ने कानुनी प्रावधान अनुसार तपसिल बमोजिमको गाउँपालिका स्तरिय लै.स.सा.स. समिति गठन गर्ने।<br>क) श्री चक्र बहादुर बोगटी रजवार -संयोजक<br>ख) श्री धना देवी थापा - सदस्य<br>ग) श्री प्रेम बहादुर साउँद - सदस्य(सामाजिक विकास समिति संयोजक)<br>घ) श्री धर्मराज खत्री - सदस्य ( प्रमुख प्रशासकीय अधिकृत)<br>ङ) श्री डम्मर बहादुर सिंह - सदस्य (कार्यपालिका सदस्य)<br>च) श्री कलावती बि.क. – सदस्य (कार्यपालिका सदस्य)<br>छ) श्री दिपा धामी -सदस्य(लक्षित वर्गमा लागि काम गर्ने)<br>ज) विनिता रिजाल - सदस्य(लक्षित वर्गमा काम गर्ने) |

| | | |
|---|---|---|
| | | झ) श्री लक्ष्मी पन्त - सदस्य – सचिव |
| १० | प्रशासन शाखा | चुरे गाउँपालिकाले आ.व. २०८१।०८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत रहेको जनप्रतिनिधिहरुको बिमा, हिमालयन इन्सुरेन्स कम्पनी मैसुरिया सँग नवीकरणीय म्यादी दुर्घटना बिमा गरेकोमा यस चुरे गाउँपालिका वडा नं. ४ का वडा सदस्य श्री प्रेम प्रसाद आचार्य योजना अनुगमनको क्रममा दुर्घटना परी सेती प्रादेशीक अस्पताल धनगढी कैलालीमा उपचार पश्चात निजले हिमालयन इन्सोरेन्स कम्पनी मसुरियामा बिमा माग दावी गरी उक्त बिमा कम्पनीले पनि सो बिमा मागदावी बमोजिमको रकम गाउँपालिकाको कार्यसंचालन कोष खाता ( ०८२०५२९९६३७०३०१८) मा जम्मा गरेको हुँदा उक्त रकम SuTRA प्रणालीमा कार्य सञ्चालन कोष तर्फ आम्दानी बाँधी बिमा दावी भुक्तानी कार्यक्रम बनाई निज बिमित प्रेम प्रसाद आचार्यलाई भुक्तानी दिने। |
| ११ | स्वास्थ्य शाखा | चुरे गाउँपालिका वडा नं. ३ अवस्थित सहजपुर स्वास्थ्य चौकीमा रिक्त रहेको ल्याव असिस्टेन्ट ( सहायक स्तर चौथो तहको पदमा सेवा करारमा पदपुर्ति गर्नका लागि विज्ञापन खोली खुल्ला प्रतिस्पर्धात्मक प्रक्रिया मार्फत पदपुर्ति गर्ने । |
| १२ | स्वास्थ्य शाखा | चुरे गाँपालिका वडा नं. ६ को बयाला गाउँमा अवस्थित गाउँघर खोप क्लिनिकमा यही मिति २०८२ चैत्र १ गते आएको हावाहुरीले उक्त गाउँघर क्लिनिक भवनको जस्ताले छाएको छाना उडाएको हुँदा उक्त छाना मर्मतको लागि प्राविधिक कर्मचारी खटाई हुन आउने लागत अनुमानको आधारमा गाउँपालिकाको विपद व्यवस्थापन कोषबाट भुक्तानी हुने गरी मर्मत सम्भार गर्ने। |
| १३ | योजना शाखा।आर्थिक प्रशासन शाखा | यस चुरे गाउँपालिकाको आर्थिक वर्ष २०८२।८३ को वार्षिक वजेटमा समावेश भई कार्यसम्पन्न र भुक्तानी भएका तपसिल बमोजिमका योजनाहरुको खर्च रकम अनुमोदन गर्ने । |